NRB Directive Form No. 9.5

# Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

**Head office :** Kohalpur, Banke
**Website :** uniquenepalmicrofinance.com.np

## Unaudited Financial Report
## At the quarter ended Chaitra, 2079

*(Rs in '000')*

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,363,851.84** | **4,432,949.45** | **4,178,561.60** |
| 1.1 | Paid-up Capital | 110,632.50 | 110,632.50 | 110,632.50 |
| 1.2 | Reserves and Surplus | 177,089.88 | 270,195.01 | 249,676.41 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 720,326.20 | 848,530.60 | 901,048.01 |
| 1.5 | **Deposits (a+b)** | **2,473,170.42** | **2,456,838.47** | **2,344,810.31** |
| | a. Domestic Currency | 2,473,170.42 | 2,456,838.47 | 2,344,810.31 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | 3,060.66 | 2,212.65 |
| 1.7 | Other Liabilities | 882,632.85 | 743,692.22 | 570,181.71 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,363,851.84** | **4,432,949.45** | **4,178,561.60** |
| 2.1 | Cash & Bank Balance | 115,319.92 | 71,779.08 | 43,127.22 |
| 2.2 | Money at call and short Notice | 166,480.14 | 195,655.22 | 69,916.16 |
| 2.3 | Investments | - | - | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **3,877,004.79** | **3,998,095.58** | **3,951,518.57** |
| | a. Real Estate Loan | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | | - | - |
| | c. Margin Type Loan | | - | - |
| | d. Term Loan | | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | - | - |
| | f. Others | 3,877,004.79 | 3,998,095.58 | 3,951,518.57 |
| 2.5 | Fixed Assets | 12,232.83 | 11,553.90 | 14,867.41 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 192,814.16 | 155,865.68 | 99,132.24 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 390,761.92 | 271,775.86 | 384,812.64 |
| 3.2 | Interest Expense | 224,350.74 | 149,232.42 | 178,572.96 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **166,411.18** | **122,543.43** | **206,239.69** |
| 3.3 | Fees Commission and Discount | 188.23 | 147.84 | 64,637.37 |
| 3.4 | Other Operating Income | 47,857.10 | 34,945.91 | |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **214,456.51** | **157,637.18** | **270,877.06** |
| 3.6 | Staff Expenses | 71,910.22 | 50,001.21 | 68,829.56 |
| 3.7 | Other Operating Expenses | 18,713.83 | 11,693.90 | 21,793.60 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **123,832.46** | **95,942.07** | **180,253.90** |
| 3.8 | Provision for Possible Loss | 186,036.14 | 86,463.15 | 77,523.17 |
| **D** | **Operating profit (C-3.8)** | **(62,203.67)** | **9,478.92** | **102,730.73** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | | | 28,489.47 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **(62,203.67)** | **9,478.92** | **131,220.20** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | 2,373.17 | 1,743.49 | (16,954.80) |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **(59,830.51)** | **11,222.40** | **114,265.40** |
| 3.12 | Provision For Staff Bonus | | 1,020.22 | 10,387.76 |
| 3.13 | Provision For Tax | | 3,060.66 | 31,163.29 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **(59,830.51)** | **7,141.53** | **72,714.35** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 7.55% | 9.44% | 9.64% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 10.29% | 7.37% | 3.93% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 66.35% | 61.72% | 157.41% |
| 4.4 | Cost of Funds | 10.05% | 8.70% | 7.54% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 156.76% | 162.73% | 168.52% |

Note: Above financial Figures are subjected to change if instructed by statutory audit and regularity authority

**Interest on deposit and Loan & Advance:** Deposit: 7.5% to 13 % | Loan & Advance: 15%

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची नं.१४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)
## आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) आ.व. २०७९/०८० को तेस्रो त्रैमास (२०७९।१०।०१-२०७९।१२।३०) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी रु. | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रु. | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात |
|---|---|---|---|---|
| (५७।५३) | (५।८१) | ३३४।१८ | ३,९४४.४६ | १०।०६ |

२. **व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस अवधिमा यस वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ। त्रैमास मसान्तको तरलता अनुपात १०.०६ प्रतिशत रहेको छ, जगेडा तथा अन्य कोषमा सामान्य कमी भएको छ। साथै यस आ.व. को तेस्रो त्रैमाससम्ममा लघुवित्त वित्तीय संस्थाको खुद घाटा रु. ५ करोड ९८ लाख ३० हजार रुपैयाँ मात्र रहेको छ।

**ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस लघुवित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय लघुकर्जा तथा बचत सेवा दिने कार्यमा केन्द्रित रहनेछ। प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साझेदार संस्थाहरु मार्फत् अधिकतम ऋणीहरुसम्म वित्तीय पहुँच वृद्धि गर्नका लागि व्यवस्थापनले प्रभावकारी रुपमा काम गर्नेछ। गुणस्तरीय सेवाले नै यस संस्थाको छवि सुदृढ हुने कुरामा यस वित्तीय संस्था विश्वस्त रहेको छ। साथै यस वित्तीय संस्थाले सदस्यहरुको क्षमता र जनचेतना अभिवृद्धि एवं वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम यसको सबै शाखा कार्यालयहरुमा सम्पन्न गरेको छ। साथै यसलाई आगामी दिनमा समेत निरन्तरता दिनेछ। यसै आर्थिक वर्षमा एफपीओ जारी गरी पुँजी थप गरिनेछ र संस्थापक र सर्वसाधारण शेयरको अनुपात क्रमशः ७०:३० कायम गरिनेछ। यसले कारोबारमा थप वृद्धि हुनेछ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
तेस्रो त्रैमास मसान्तसम्म व्यवसायको आकारको वृद्धि अनुसार सञ्चालन मुनाफा यस त्रैमासमा सन्तोषजनक अवस्था रहेको छैन। लघुवित्त वित्तीय संस्था विरुद्ध केही गतिविधिहरु हाल सक्रिय रहेकोले सबै लघुवित्तमा जस्तै यस वित्तीय संस्थाको कारोबारमा केही असर परेता पनि हाल सदस्यहरु पनि सचेत हुँदै गईरहेको र आर्थिक कृयाकलापहरु क्रमशः सकृय हुँदै गएको कारण संस्थाले दिने सेवा तथा संस्थाको कारोबारमा वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ। तसर्थ संस्थाको मौज्दात, नाफा नोक्सान वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना नभएको।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

**ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्वन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ। शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घट्ना घटेको छैन।

**ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**
मिति २०७९/१०/०१ देखि २०७९/१२/३० सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार भएको कूल दिन | कारोवारको संख्या | कारोवार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| २१३५ | ९८९.४० | १७१० | ३० | ६४९ | १२२८३ |

(श्रोत : नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

५. **समस्या तथा चुनौती :**

**समस्या :** सीमित वित्तीय श्रोत, लगानीमा दोहोरोपना, लिएको थोक कर्जाको ब्याज दरमा अत्यधिक वृद्धि, सदस्यहरुमा अनुपालनाको कमी, दक्ष जनशक्तिको अपर्याप्तता, आदि।

**चुनौती :** बढ्दो प्रतिस्पर्धा, नियामक निकायबाट नीति तथा निर्देशनमा हुने परिवर्तन, वित्तीय स्रोतमा कमी, पुँजीको लागत वृद्धि आदि।

**रणनीति :** ग्रामीण क्षेत्रका विपन्न समुदायहरुमा सेवा विस्तार गर्ने र लगानीमा विविधिकरण गरी जोखिम न्यूनीकरण गर्नु प्रमुख रणनीतिको रुपमा रहेको छ। साथै मानव श्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

क. संस्थाको प्रभावकारिता वृद्धि गर्ने।
ख. कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने।
ग. सेवाको गुणस्तरमा सुधार गर्दै जाने।
घ. सदस्यहरुमा जनचेतनामूलक एवं वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम थप प्रभावकारी बनाउने।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त संस्थाले बनाएका नीति नियमहरु अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ, जुन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने गरिएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी निर्देशकको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन।